राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


*सन्दर्भ : ३० औं विश्व प्रेस स्वतन्त्रता दिवस, २०२३ को सन्दर्भमा शुभकामना मन्तव्य*

वैशाख २०, २०८० (मे ३)

हरेक वर्ष मे ३ का दिन 'विश्व प्रेस स्वतन्त्रता दिवस' मनाईंदै आएको छ। स्वत्रन्त्र प्रेस लोकतन्त्रको मेरुदण्ड हो भने मानव अधिकारको अभिन्न अङ्ग समेत हो । नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको उल्लेख गरिएको छ। त्यस्तै, संविधानको धारा १७ मा विचार र अभिव्यक्ति स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक र धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र नेपाल पक्ष राष्ट्र बनेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ समेतले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लेख गरेको छ। यी हकहरुको उपभोगको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ।

यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा Shaping a future of Rights: Freedom of Expression as a driver for all other Human Rights रहेको छ । यस अर्थमा नागरिकका सम्पूर्ण मानव अधिकार प्राप्तिको लागि तथा सबै अधिकारहरुलाई चलायमान बनाउने अवयवको रुपमा अभिव्यक्ति स्वतन्त्रतालाई लिन सकिन्छ। राज्यको चौथो अंगको रुपमा रहेको प्रेस जगतले संविधान तथा कानूनले सुनिश्चित गरेका अधिकारहरुको प्रत्याभूति गर्न/गराउन सरकारलाई खबरदारी गर्दै थप जिम्मेवार बनाउने कार्य गर्दै आइरहेको छ। नागरिकका समस्या र सवालहरु सरकार समक्ष पुऱ्याउने तथा जनसरोकारका विषयहरुमा नागरिकलाई सुसूचित गर्ने कार्य गर्दै आएकोमा सम्पूर्ण सञ्चारकर्मी एवम् प्रेस जगतप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

कुनै पनि बहानामा प्रेसमाथि अंकुश लगाउने कार्य गरिनु हुँदैन । प्रेस जगतले समेत निश्पक्ष, स्वतन्त्र र मर्यादित भई घृणायुक्त अभिव्यक्तिबाट पृथक रहेर कार्य गर्नुपर्दछ । स्वतन्त्र प्रेसका मूल्य मान्यतालाई आत्मसाथ गर्दै नागरिकहरुलाई सुसूचित गराउने उपयुक्त वातावरण सरकारले तय गर्नैपर्दछ। लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरुको सुसूचित हुन पाउने अधिकारको सुनिश्चितता गर्दै प्रेस स्वतन्त्रतालाई संविधानको मर्म बमोजिम रक्षा गर्न सबैजना क्रियाशील रहनुपर्दछ। विश्व प्रेस स्वतन्त्रता दिवस, २०२३ का अवसरमा नेपाललगायत विश्वभर क्रियाशील सञ्चारकर्मी तथा समग्र सञ्चार जगत्प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

तपबहादुर मगर

अध्यक्ष


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org